# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


च.नं.:–

मितिः– २०७०।१२।७

**विषयः– आर्थिक वर्ष २०६९।७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय, भक्तपुर ।

१. **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०६९।७० को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७०।८।१६ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी २०७०।८।२१ मा प्रारम्भिक प्रतिवेदन पठाइएकोमा मिति २०७०।१०।५ मा प्राप्त कार्यालयको जवाफ समेतका आधारमा कायम भएका व्यहोराहरु समावेश गरी अन्तिम प्रतिवेदन प्रेषित गरिएको छ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।

४. **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

५. **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०६९।७० का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।

६. **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, स्थलगत अवलोकन, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।

लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

७. **कार्यालयका जिम्मेवार पदाधिकारी**
**कार्यालय प्रमुख** – स्थानीय विकास अधिकारी, श्री राजेन्द्र कुमार के.सी.
**लेखा प्रमुख** – लेखा अधिकृत, श्री रमेश राज पौडेल

८. **आय–व्यय सारांस** (विस्तृत विवरण अनुसूची–१ मा उल्लेख गरिएको छ ।)

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको विनियोजन | आन्तरिक आय | अन्य | जम्मा | विनियोजनबाट खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| १५,६३,१८ | २०,४५,३७ | ३,२४,११ | ६,८८,५४ | ४६,२१,२० | २०,४५,३७ | ८,६९,८१ | २९,१५,१८ | १७,०६,०२ |

९. **बेरुजूको व्यहोराहरुको अवस्था**

| प्रारम्भिक प्रतिवेदन | | | जवाफबाट हटेको | | | जवाफ समेतका आधारमा कायम बेरुजू | | | बेरुजू बर्गीकरण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | पेश्की | | |
| सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | असुल गर्नुपर्ने | अनियमित | कर्मचारी | अन्य | जम्मा |
| ३८ | १२ | १,१०,३७ | ० | ३ | ३४,२८ | ३८ | ९ | ७६,०९ | २१,२८ | ३०,९५ | ० | २३,८६ | २३,८६ |

१०. **बेरुजू फछ्र्यौट र सम्परीक्षण –** कार्यालयबाट पेश भएका गत विगतका बेरुजूमध्ये कार्यालयबाट फछ्र्यौट भई सम्परीक्षणका लागि पेश भएको रु.३८ लाख ९३ हजारमा रु ३८ लाख ९३ हजार लगत कट्टा गरी फछ्र्यौटको जानकारी पठाइएको छ । साथै यो वर्षको मिति २०७०।८।२१ मा उपलव्ध गराइएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित फछ्र्यौट गर्न बाँकी व्यहोराका सम्बन्धमा समेत ऐन नियममा भएका व्यवस्था बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

११. **धरौटीतर्फ** – गत वर्षको जिम्मेवारी रु.६६,२१,१४२।१५ यस वर्षको प्राप्त रु.१९,२१,१४५।१५ समेत यस वर्षसम्म रु.८५,४२,२८७।३० जम्मा भएकोमा रु.१,८३,५००।– मात्र फिर्ता भई आर्थिक वर्षको अन्तमा रु. ८३,५८,७८७।३० धरौटी बांकी रहेको छ ।

१२. **बैंक हिसाब** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० बमोजिम अनुसूची–२३ को ढांचामा कार्यालयले प्रत्येक महिना बैंक हिसाब समायोजन विवरण तयार गर्नुपर्दछ । कार्यालयको चालु आर्थिक वर्षको अन्तसम्ममा स्रेस्ता अनुसार रु.१७,०६,०१,८६९।४३ र बैंक अनुसार रु.१७,९६,४८,४३५।०७ मौज्दात बांकी देखिएको छ । यसरी स्रेस्तामाभन्दा बैंकमा बढी रु.९०,४६,५६५।६४ ले फरक परेको छ । कार्यालयले बैंक हिसाब विवरण तयार गरी बढी रकम यस वर्ष आम्दानी जनाएको छ ।

१३. **पेश्की** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा काम काजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुन बांकी रहेको पेश्की रकमको नाम नामेसी सहित के के बापत पेश्की गएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नु पर्दछ भन्ने उल्लेख छ । कार्यालयबाट पेश भएको विवरण अनुसार गत वर्षको पेश्की जिम्मेवारी रु.४,४५,८४,४४७।६५ रहेकोमा यस वर्ष रु.४०,३५,५००।– फछ्र्यौट देखाएको छ ।विगत वर्षको बांकी रु.४,०५,४८,९४७।६५ मा यस आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट नभएको रु. २३,८५,९८६।– समेत कुल रु.४,२६,३४,९३३।६५ पेश्की बांकी रहेको छ । आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएको चालु आर्थिक वर्षको रु-२३,८५,९८६/- पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ र १९० बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

| बजेट शीर्षक नम्बर | मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कार्यक्रम |
|---|---|---|---|---|
| ३६५८०९३ | २०६९/१०/२३ | पञ्चकन्या ट्रस पुल उ.स. | ३०४९८६/- | झो.पु. क्षेत्रगत कार्यक्रम |
| ३६५८१२३ | २०७०/१/२ | बाहिरी चक्रपथ निर्माण उ.स. | १६५०००/- | जनसहभागितामा आधारित विकास कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| ३६५८१२३ | २०७०/१/२३ | बालकोट सिरुटार दधिकोट र गुण्डु उ.स. | ४९५०००/- | जनसहभागितामा आधारित विकास कार्यक्रम |
| ३६५८१२३ | २०७०/३/४ | कमल विनायक पाइपलाइन उ.स. | १६५०००/- | जनसहभागितामा आधारित विकास कार्यक्रम |
| ३६५८१२३ | २०७०/३/१३ | वागेश्वरी नगरकोटसम्म निर्माण उ.स. | १६५०००/- | जनसहभागितामा आधारित विकास कार्यक्रम |
| ३६५८०१३ | २०६९/८/२८ | कटुञ्जे गाउं विकास समिति | १०००००/- | जि.वि.स. अनुदान |
| ३६५८०१३ | २०७०/३/१७ | वृहत छालिङ खा.पा.उ.स. | २८००००/- | जि.वि.स. अनुदान |
| स्थानीय निकाय अन्य खाता | २०६९/४/१ | सिरुटार गा.वि.स. | १९५०००/- | स्थानीय निकाय अन्य खाता |
| जि.वि.स.कोष | २०७०/२/१४ | चापाखर्क खा.पा.योजना उ.स. | ४१०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/२/२६ | देवडोल सिमदेखि छुटोल उ.स. | ५००००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/११ | पोवु खा.पा.योजना उ.स. | ३६०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/११ | योङ्ग स्टार क्लव | ३३०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/१७ | स्मृति पुस्तकालय ताथली | ८५००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/१८ | धिमालटोल खा.पा.यो.उ.स. | ३३०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/१८ | पूर्णकुमार श्रेष्ठ | १६५००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/२१ | दाहाल गाउं खा.पा. उ.स. | ३३०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/२१ | लव धिमालको घरदेखि उ.स. | ३३०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/२१ | कालिटार मार्ग बाटो नि.उ.स. | ३३०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०६९/१०/३ | सुडाल गा.वि.स. | ५००००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०६९/१२/२६ | नेपाल महिला कल्याण संघ | २००००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०६९/५/१४ | अभिभावक संघ नेपाल | २००००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/२/१० | श्री धोमा जगत वृद्धाश्रम | ३३०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/२/१४ | श्री प्राणोदय प्राथमिक विद्यालय | ५६०००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| जि.वि.स.कोष | २०७०/३/७ | नपर्लि सिर्जना समाज नेपाल | २००००/- | जि.वि.स.पूंजीगत कोष खाता |
| | | जम्मा: | २३८५९८६/- | |

**कार्यालयको जवाफ** :– प्रमाणहरु संग्लन गर्ने काम सुरु भई सकेकोले प्राप्त भए पछि समपरिक्षणका लागी पेश गरिने जनाएको छ ।

१४. **प्रशासनिक खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रही ऐन नियम बमोजिम कर शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकम रु.१ करोडभन्दा बढी आम्दानी हुने जिल्ला विकास समितिले २५ प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाइने उल्लेख छ । यो वर्ष कार्यालयले कर दस्तुर सेवा शुल्क आदिबाट रु.३,२४,११,२३७।३४ आम्दानी गरेकोमा प्रशासनिक खर्च रु.१,०६,६४,८४१।३४ गरेको छ । नियमानुसार कार्यालयले आम्दानीको २५ प्रतिशतले रु.८१,०२,८०९।३३ मात्र खर्च गर्न पाउनेमा रु. १,०६,६४,८३१।३४ खर्च गरेको छ । प्रशासनिक खर्चमा बजेटको कमी प्रशासनिक खर्च बढ्दै गएकोले बढी खर्च हुन गएको उल्लेख छ । कार्यालयले तोकिएको सीमाभन्दा बढी रु.२५,६२,०२२/०१ प्रशासनिक खर्च गर्नाले विकास निर्माणमा खर्चको कमी भई योजना अपुरो नै रहेका छन् । कार्यालयले तोकिएको सीमाभन्दा बढी प्रशासनिक खर्च गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

**कार्यालयको जवाफ** :– कर्मचारीहरुको तलब वृद्धिलगायत वस्तु तथा सेवाको मूल्य वृद्धिका कारण सीमा बाहिर गएको हो, यस आ.व. देखि सीमाभित्र राखिने प्रयास गरिने जनाएको छ ।

१५. **वार्षिक लक्ष्य तथा प्रगति** – कार्यालयले आफूलाई प्राप्त अख्तियारीको सीमाभित्र रही बजेट खर्च गरी वार्षिक नर्म्स बमोजिम प्रगति कायम गर्नुपर्दछ । लेखापरीक्षणलाई प्राप्त कार्यालयको वार्षिक लक्ष्य प्रगति विवरण अनुसार औषत प्रगति ९६.७९ प्रतिशत देखाएको छ । यो वर्ष कार्यालयले विभिन्न १० बजेट शीर्षक अन्तर्गत २९१ योजना सञ्चालन गरेकोमा २४७ योजना सम्पन्न भएको छ । यस वर्ष सञ्चालित ४४ योजनाहरु सम्पन्न हुन नसकी अधुरा नै रहेका छन् ।

**कार्यालयको जवाफ** – अगामी आ.व. देखि शतप्रतिशत प्रगति हासिल हुने गरी कार्यान्वयनको प्रक्रिया सुरु भैसकेको छ ।

१६. **चौमासिक खर्च अनुपात** – लेखापरीक्षणको लागि उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति निम्नानुसार रहेको देखियो :

| क्र. सं. | बजेट उपशीर्षक | बजेट उपशीर्षक नं. | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | रोयल्टी व्यवस्थापन तथा वितरण | ३०८१०९३ | ६,२००,०००.०० | | ४,०००,०००.०० | २,२००,०००.०० | - |
| २ | युवा तथा खेलकुद मन्त्रालय | ३४३१०१ | ३६०,०००.०० | | | ३६०,०००.०० | १३५,०००.०० |
| ३ | राष्ट्रिय विकास स्वयंसेवक संस्थागत विकास | | ७२,०००.०० | | | ७२,०००.०० | ३६,०००.०० |
| ४ | जेष्ठ नागरिक अशक्त अपांग | ३६५०१५३ | ६५,९१९,२६६.०० | ३२,७०४,५००.०० | २२,३८०.०० | ३३,१९२,३८६.०० | - |
| ५ | स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग | ३६५०१६३ | ४,५००,०००.०० | | | ४,५००,०००.०० | २,६४६,४९६.०० |
| ६ | लोपोन्मुख आदिवासी जनजाती उत्थान चेपांग समेत | ३६५१०५३ | २००,०००.०० | | ११,०००.०० | १८९,०००.०० | ९,०००.०० |
| ७ | उपेक्षित उत्पिडित र दलितवर्ग उत्थान विकास समिति | ३६५१०६३ | ३९०,४००.०० | | | ३९०,४००.०० | १६७,४००.०० |
| ८ | ग्रामिण खानेपानी तथा सरसफाई आयोजना | ३६५८०४३ | ४,९४४,७५६.०० | ६२,९५०.०० | ३७,८७०.०० | ४,८४३,९३६.०० | ३,८३५,३६९.०० |
| ९ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम | ३६५८०८४ | १३,८४३,४३४.०० | ७२०,४७८.०० | १,३४३,८४४.०० | ११,७७९,११२.०० | २,२५२,४२८.०० |
| १० | झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम | ३६५८०९३ | १,५००,०००.०० | ३१९,७२५.०० | ७२०,८१४.०० | ४५९,४६१.०० | १९३,१३०.०० |
| ११ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ३६५८१२३ | ५,५००,०००.०० | | | ५,५००,०००.०० | २,९२१,३९०.०० |
| १२ | ग्रामिण पहुच सुधार तथा विकेन्द्रीकरण परियोजना | ३६५८१४३ | १,१४७,९६३.०० | | ५४१,८२०.०० | ६०६,१४३.०० | ६०६,१४३.०० |
| १३ | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम | ३६५८१९३ | ९,४६५,९९२.०० | ६,४११,३१४.०० | ७५८,०२४.०० | २,२९६,६५४.०० | १,६४६,३४०.०० |
| १४ | निर्वाचन विकास कार्यक्रम | ३६५८२८३ | ४,९३७,७५६.०० | | | ४,९३७,७५६.०० | १,२८३,४४९.०० |
| १५ | स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुच सुधार परियोजना | ३६५८३१३ | ११,५००,०००.०० | | ५,०००,०००.०० | ६,५००,०००.०० | ६,५००,०००.०० |
| १६ | केन्द्रीय स्तरका सडकहरु | ३३७१०७४ | ३,९३५,३७९.०० | | | ३,९३५,३७९.०० | २,९७४,८२०.०० |
| १७ | जिविस अनुदान | ३६५८०१३ | ४२,४२१,२४०.०० | ११,०५६,४०८.०० | ६,१७३,३७१.०० | २५,१९१,४६१.०० | ८,६४८,२९०.०० |
| १८ | गाविस अनुदान | ३६५८०२१ | ३८,०२६,५००.०० | | ९,२७१,८६०.०० | २८,७५४,६४०.०० | ९,३६९,६०३.०० |
| १९ | बैकल्पिक उर्जा प्रवर्धन केन्द्र | | ४१७,२००.०० | | | ४१७,२००.०० | ३१८,७०६.०० |
| | **जम्मा:** | | २१५,२८१,८८६.०० | ५१,२७५,३७५.०० | २७,८८०,९८३.०० | १३६,१२५,५२८.०० | ४३,५४३,५६४.०० |

उपर्युक्त तालिका अनुसार तेस्रो चौमासिकसम्म ६३.२३ प्रतिशत खर्च भएको देखिन्छ भने आषाढ महिनामा मात्र २०.२२ प्रतिशत खर्च भएको छ ।

**कार्यालयको जवाफ** :– बजेट अख्तियारी एवं निकासा प्राप्त भए अनुसार खर्च गर्नुपर्ने अवस्था रहेकाले सिर्जना हुनगएको यस किसिमको परिस्थिीलाई यस आ.व. देखि नियन्त्रणमा राख्ने प्रयास गरिने छ ।

१७. **वीमा सम्बन्धमा** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२०(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाखभन्दा माथी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनु पर्ने उल्लेख छ । कार्यालयद्वारा रु.१० लाखभन्दा बढीको लागत अनुमान स्वीकृत गरी ठेक्का बन्दोवस्त गरेका–४ योजनाको वीमा गराएको पाइएन । Standared Bidding Document मा वीमा गराउनु पर्ने प्रावधान राखेको देखिएन । गत विगत वर्षदेखि नै वीमाको प्रावधान नभएकोले यस वर्ष पनि वीमा नगरेको जनाएको छ । गत विगत वर्षदेखि नै लेखापरीक्षणले औंल्याउदै आएकोमा कार्यान्वयन गर्न ध्यान दिएको पाइएन । सम्भावित जोखिमलाई न्यूनीकरण गर्दै समयमै गुणस्तरीय कार्य सम्पन्न गर्न वीमा गर्न गराउन ठेक्का सम्झौताका पक्षहरुको ध्यान जानुपर्ने देखिन्छ ।

| योजनाको नाम | ठेक अङ्क |
|---|---|
| दधिकोट तर्खाल सडक निर्माण | १६,७५,६२२/०८ |
| सिरुटार विरुवा सडक निर्माण | १७,१६,१२७/६१ |
| ठिमी दधिकोट चर्खाल सडक | १९,४५,११६/२३ |
| व्रम्हायणी खोला मोटरेवल पुल निर्माण | १,८३,०१,४७३/११ |

**कार्यालयको जवाफ** :– अगामी आ.व देखि कार्यान्वयनमा आउने गरी प्रक्रिया सुरु गरिएको छ ।

१८. **मौज्दात रहने गरी पाइप खरिद** – लेखापरीक्षणले जिन्सीको भौतिक परीक्षण गर्दा रु.२,९८,७९९।६० को विभिन्न पाइप तथा सामानहरु खरिद गरी मौज्दात राखेको पाइयो ।

**कार्यालयको जवाफ** :– माग गरिए अनुसार खरिद गरिएकोमा कार्यान्वयनमा आउने गरी प्रक्रिया सुरु गरिसकेको छ ।

१९. **भौतिक परीक्षण** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा व्यवस्था भएको जिन्सी निरीक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले यस नियमावली बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् अधिकार प्राप्त अधिकारीले निरीक्षण गरी वा गर्न लगाई प्रतिवेदन लिई कारबाही गर्नुपर्ने उल्लेख छ । यो वर्ष लेखापरीक्षणको क्रममा जिन्सी खाताबाट नमूना छनौटको आधारमा १० प्रकारका सामानहरुको भौतिक परीक्षण गर्दा टेलिभिजन–२ थान, कम्प्युटर २३ थान, रेडियोक्यासेट–१ थान, मोटरसाइकल–९ थान, गाडी–३ थान, मोवाइल–१६ थान, डिजिटल क्यामरा–१ थान, ल्यापटप–९ थान, लेभल मेशिन–१ थान र मल्टिमिटर–१ थानमध्ये वा १ झ ४९२४ नम्बरको जिप १ थान, वा १ झ ९७४३ नम्बरको एम्बुलेन्स १ थान र बा १ ब ३९९ नम्बरको मोटरसाइकल भण्डार दाखिला भएको छैन । त्यस्तै मोवाइल १६ थानमध्ये १२ थान (विभिन्न मूल्यको) रु.१,२५,१८५।३० र डिजिटल क्यामरा रु. १५,२९०।– को १ थान भण्डारमा मौज्दात भेटिएन । मौज्दातको सम्बन्धमा मोवाइल पूराना पदाधिकारीहरुले फिर्ता नबुझाएको र क्यामरा १ थान हराएको जनाएको छ । सरकारी सम्पत्ति फिर्ता नबुझाएको र हराएकोमा कार्यालयले कुनै कारबाही चलाएको छैन । कार्यालयले सम्पत्ति सदुपयोगमा ध्यान नपुऱ्याएकोले सरकारी सम्पत्तिको दुरुपयोगहुनेदेखिन्छ । कार्यालयले नियमानुसार रु.१,४०,४७५/३० फिर्ता तथा खोजी खबर गरी मौज्दात दुरुस्त राख्नुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** :– सम्बन्धित पक्षहरुसग सम्पर्क गरी मौज्दात राख्ने जनाएको छ ।

२०. **सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(४) मा उपदफा ३ बमोजिम प्रतिनिधि सभा सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधि सभामा पेश गरेको सुझाव प्रतिनिधि सभाबाट स्वीकृत भएपछि उक्त प्रतिवेदनमा उल्लेखित सुझाव कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित मन्त्रालयको हुने छ भन्ने उल्लेख छ । महालेखा परीक्षकको कार्यालयको ४६ औं, ४७ औं र ४८ औं वार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल भई २०६९।१।१० मा उक्त निर्णय

मन्त्रालयमा कार्यान्वयनको लागि पठाएको पाइयो । उक्त निर्णय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जिल्ला विकास समितिको कार्यालय, भक्तपुरमा कार्यान्वयनको लागि लेखी पठाएको पाइएन । सार्वजनिक लेखाको विषयमा सर्वोच्च संस्थाले गरेको निर्णयलाई सक्रियताकासाथ कार्यान्वयन नगर्दा लेखा र लेखापरीक्षणमा देखिएका समस्याहरुमा थप सुधार हुन सक्ने स्थिति देखिँदैन । वित्तीय अनुशासन पालन, सुदृढ हुन सार्वजनिक लेखा समितिको निर्णय र निर्देशन कार्यान्वयन हुनुपर्दछ ।

**कार्यालयको जवाफ** – सघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त निर्देशनका आधारमा सुझाव कार्यान्वयन गरिने जनाएको छ ।

२१. **आन्तरिक लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(क) मा जिल्ला विकास समितिको आय–व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा गरेको छ । मासिक रुपमा आन्तरिक लेखापरीक्षण जनशक्तिको कमीले गर्दा गर्न नसकेको उल्लेख छ । समयमा आन्तरिक लेखापरीक्षण हुन नसकेकोले आन्तरिक नियन्त्रण सुदृढ नभएको अवस्था देखिन्छ । नियमावलीको नियम ५८ अनुसार निम्न काम भएको नदेखिएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी भएको छ भन्ने आधार देखिएन । नियमावली अनुसार समयमै आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण सुदृढ गराउनु कार्यालयको ध्यान जानुपर्दछ ।

(क) जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा गाउं विकास समितिहरुको आय–व्यय र धरौटीको स्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा गरेको देखिएन ।

(ख) गाउं विकास समितिहरुको अन्तिम लेखापरीक्षणबाट उठेका बेरुजूहरुको लगत राखी सम्परीक्षण गर्ने गरेको पाइएन ।

(ग) स्थानीय निकाय अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने गरेको पाइएन ।

**कार्यालयको जवाफ** :– अगामी आ.व देखि सुझव कार्यान्वयनको प्रक्रिया सुरु गरीसकिएको जनाएको छ ।

२२. **महालेखा परीक्षकको प्रतिवेदन कार्यान्वयन** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०४(१) मा अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजूका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुंदा औंल्याएको बेरुजूहरुमा सुधार गरेको देखिएन । गत विगतका व्यहोराहरु यस वर्ष पनि दोहोरिएका छन् । कार्यालयले यसमा सुधार गर्दै जाने जनाएको छ । एकै प्रकृतिका व्यहोराहरु वर्षेनी दोहोरिंदै जानाले बेरुजूको भोलम बढ्दै जाने देखिन्छ । कार्यालयले महालेखा परीक्षकको कार्यालयको सुझावलाई कार्यान्वयन गरी लागू गर्नुपर्दछ ।

**कार्यालयको जवाफ** :– अगामी आ.व देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरीसकिएको जनाएको छ ।

२३. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी त्यसको प्रमाण संलग्न गरी अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर कारबाही चलाएको छैन । कार्यालयले प्रतिवेदन कार्यान्वयन नगरेको सम्बन्धमा खासै बेरुजू नभएको उल्लेख गरेको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन नगर्नाले नियमको पालना गरेको देखिँदैन । कार्यालयले नियमको पालना गरी आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरुमा समयमै फछ्र्यौट गर्ने परीपाटी बसाल्नु पर्दछ ।

**कार्यालयको जवाफ** :– अगामी आ.व. देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरीसकिएका जनाएको छ ।

२४. **योजना तथा कार्यक्रमको अनुगमन** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३(३) मा जिल्ला विकास समितिले जिल्लामा सञ्चालित विभिन्न कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गर्न अनुगमन समिति गठन गर्नुपर्ने उपदफा (४) मा समितिले तोकिएको क्षेत्रमा अनुगमन गर्ने र उपदफा (५) मा समितिले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले नियमले तोके अनुसारको प्रणाली अवलम्बन गरी अनुगमन गरेको देखिएन । अनुगमन सम्बन्धमा भइरहेको जनाएको छ । प्रभावकारी सुपरीवेक्षण तथा अनुगमन तथा पृष्ठपोषणको अभावका कारण सञ्चालित योजना तथा कार्यक्रममा गरिएको खर्चको उपलव्धी प्राप्त भयो भन्ने आश्वस्त हुने अवस्था देखिएन । नियमावलीको व्यवस्था बमोजिम सञ्चालित योजनाको अनुगमन सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन लिई उक्त प्रतिवेदनलाई पृष्ठपोषणको रुपमा लिएर सञ्चालित योजना तथा कार्यक्रमको कार्यदक्षता तथा प्रभावकारीता वृद्धि गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** :– अगामी आ.व. देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरीसकिएको जनाएको छ ।

२५. **सञ्चित विदा** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(ग) मा अन्य सरकारी कार्यालयले समेत यो ऐनको पालना गर्नुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने उल्लेख छ । त्यस्तै निजामती सेवा ऐन, २०४९ मा कर्मचारीहरुको विदा जिल्ला विकास कोष चालुवाट १८० दिनसम्म सञ्चित रहने र बढी विदा उपयोग नगरेमा खेर जाने उल्लेख छ । यो वर्ष कार्यालयले तालुक कार्यालयको सहमति नै नलिई १८० दिनभन्दा बढी दिनको विदाको रकम भुक्तानी दिएको देखियो । नियमले दिन नमिल्ने विदाको रकम भुक्तानी गरेको सम्बन्धमा विनियम बनाएर भुक्तानी गरेको जनाएको छ । नियम विपरीत सहमति समेत नलिई गरेकोल रु. ५,२९,७२४/३३ खर्चलाई नियमित मान्न सकिएन । कार्यालयले नियम विपरीत सञ्चित विदाको रकम भुक्तानी दिने परिपाटीलाई नियन्त्रण गर्नुपर्ने देखियो ।

**कार्यालयको जवाफ** :– जिल्ला परिषदबाट स्वीकृत स्थानीय निकाय कर्मचारी प्रशासन विनियम २०५८ (संशोधनसहित) को दफा ४०.१ बमोजिम आ.व. २०६९।७० मा सुविधा दिईएको र यस आ.व. देखि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्र एवं म.ले.प. को सुझावअनुसार नियन्त्रणमा ल्याउने प्रतिवद्धता सहित लगतकटा गर्न अनुरोध गरेको जनाएको छ ।

२६. **हस्तान्तरण** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २९(२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भई सकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति सामुदायिक संस्था वा गैर सरकारी संस्थालाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यो वर्ष जिल्ला विकासले निर्माण सम्पन्न गरेको २४७ योजनाहरु हस्तान्तरण गरेका छैन । यसरी सम्पन्न योजना सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण नगर्नाले योजनाको मर्मत सम्भार र रेखदेख कार्यालय र लाभग्राही पक्ष दुबैले नगर्ने स्थिति देखिएको छ । सम्पन्न आयोजनाहरु निर्धारित समयमै हस्तान्तरण गरी लाभग्राही समूहबाट मर्मत रेखदेख र सम्भार गर्ने प्रबन्ध कार्यालयले अगाडि बढाउनु पर्दछ ।

**कार्यालयको जवाफ** :– अगामी आ.व. देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरी सकिएको जनाएको छ ।

२७. **योजना तथा कार्यक्रमको अनुगमन** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३३(३) जिल्ला विकास समितिले समिति गठन गरी जिल्लामा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने र दफा ३४(१) मा जिल्ला विकास समितिले अनुगमन प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण परिषद्मा छलफल गराई मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ । यो वर्ष कार्यालयले २९१ योजनाहरु सञ्चालन गरेकोमा मार्गदर्शनमा उल्लेख गरेबमोजिम अनुगमन भएको पाइएन । प्रभावकारी सुपरीवेक्षण र अनुगमन तथा पृष्ठपोषणको अभावका कारण सञ्चालित योजना तथा कार्यक्रममा गरिएको खर्च संलग्न बिल भरपाई अनुसार नै खर्च गरी उपलव्धी प्राप्त भयो भन्ने

आश्वस्त हुने अवस्था छैन । निर्देशिकामा व्यवस्था भएबमोजिम अनुगमन सुपरीवेक्षण गरी प्राप्त प्रतिवेदनलाई पृष्ठपोषणको रुपमा लिएर सञ्चालित योजना तथा कार्यक्रमको कार्यदक्षता तथा प्रभावकारीता वृद्धि गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** :– अगामी आ.व. देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरीसकिएको जनाएको छ ।

२८. **नगदी रसीद** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४१(१) मा जिल्ला विकास समितिलाई प्रचलित कानूनबमोजिम प्राप्त हुने रकम नगदी रसीद काटी लिनुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष के कति रसीद छपाई गरी के कति रसीद खर्च गरेको छ सो खुल्ने रसीद नियन्त्रण खाता राखेको छैन । लेखापरीक्षणमा निम्नानुसारका ५४ ठेली रसीद मात्र पेश भएको छ । बांकी कति रसीद प्रयोग भई के कति रसीद मौज्दात रहेको छ सो खुल्ने कुनै विवरण राखेको छैन ।

| आम्दानीको प्रकार | रसीद नम्बर | | ठेली संख्या |
|---|---|---|---|
| | देखि | सम्म | |
| विविध | १४२५१ | १४५००० | ५ |
| विविध | १४६६५१ | १४८५० | २४ |
| एम्बुलेन्स | ३००१ | ३६५० | १३ |
| बालुवा | ९१२५१ | ९१३०० | १ |
| बालुवा | ९२३०१ | ९२४०० | २ |
| बालुवा | ९२४०१ | ९२५०० | २ |
| बालुवा | ९२५०१ | ९३३५० | ७ |
| जम्मा: | | | ५४ |

**कार्यालयको जवाफ** :– अगामी आ.व. देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरीसकिएको जनाएको छ ।

२९. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले बालुवा, पांगो माटो तथा ढुगाको ठेक्का लगाउंदा ठेकेदारहरुसंग ठेक अकको १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गरेको छैन । कार्यालयले सम्झौता गर्दा कार्यादेश पाएको मितिबाट नै ठेकेदारले सकारेको मूल्यको मूल्य अद्धिवृद्धि कर बुझाउनु पर्ने उल्लेख छ । ठेकेदारहरुले बिक्री गर्दा मूल्य अभिवृद्धि कर उठाउने हुंदा अग्रिम रुपमा मूल्य अभिवृद्धि कर रु.१०,७४,०३०/१० असुल नगरेको जनाएको छ । कार्यालयले आन्तरिक आयको ठेक्का पट्टा गर्दा नियमानुसार मूल्य अभिवृद्धि कर असुल नगर्नाले राजस्वमा हिनामिना हुने देखिन्छ । निम्न ठेक्का पट्टाको मूल्य अभिवृद्धि कर रु.१०,७४,०३०।१० असुल गरी बुझाउनु पर्ने देखिएको छ ।

| ठेक्का विवरण | ठेकेदारको नाम | कबोल अङ्क | मूल्य अभिवृद्धि कर १३ प्रतिशत |
|---|---|---|---|
| ठेक्का नं. १ निलबाराही नाका | जयमाता निलबाराही निर्माण सेवा प्रा.लि. | ६०,२५,५००/- | ७,८३,३१५/- |
| ठेक्का नं. २ नहिटी नाका | आगन्जा कन्ष्ट्रक्सन | ५,७०,४७५/- | ७४,१६१/७५ |
| ठेक्का नं. ३ कालीघाट झौखेल नाका | शीर्षक कन्ष्ट्रक्सन | ८,०५,०००/- | १,०४,६५०/- |
| ठेक्का नं. ४ ज्योतिलिङ्गेश्वर छालिङ | आगन्जा कन्ष्ट्रक्सन | ४,७५,०९५/- | ६१,७६२/३५ |
| ठेक्का नं. सुडाल नाका | विजी कन्ष्ट्रक्सन | ३,८५,७००/- | ५०,१४१/- |
| जम्मा: | | ८२,६१,७७०/- | १०,७४,०३०/१० |

**कार्यालयको जवाफ** :– जयमाता निलवाराही निर्माण सेवा र आगन्जा कन्सट्रकटले मू.अ. कर बुझाएको प्रमाण पेश भएको हुदा क्रमश रु.७८३,३१५ र रु.७४१६१७७५ लगत कट्टा अनुरोध गरिएको छ र बाकीको हकमा प्रमाण संकलन भएपछि फछ्यौट एवं सम्परिक्षणका लागि पेश गरिने छ । कार्यालयले पेशगरेको प्रमाण रितपुर्वकको नभएकोले प्रतिक्रियाबाट बेरुजु हटाएको छैन ।

३०. **मालपोत** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७२(१) मा स्थानीय निकायले विभिन्न कारणबाट असुल हुन नसकी बांकी रहेको रकम कार्ययोजना बनाई असुल उपर गर्नुपर्ने उल्लेख छ ।

कार्यालयको आर्थिक वर्ष २०६८।६९ सम्मको बांकी रु.५,८१,२६४।८६ मध्ये यस वर्ष रु.३,८०,०८७।४५ प्राप्त भई रु.२,०१,१७७।४१ बांकी देखिएको छ । आर्थिक वर्ष २०६९।७० मा प्राप्त हुनुपर्ने रु.१४,६५,१८९।२७ मध्ये रु.११,३४,५२३।७५ प्राप्त भई रु.३,३०,६६५।५२ बांकी समेत रु.५,३१,८४२।९३ प्राप्त हुन बांकी देखिन्छ । बांकी रकम असुल नगरेको सम्बन्धमा गाउं विकास समितिहरुले समयमा नपठाउने गरेकोले बांकी देखिएको जनाएको छ । जिल्ला विकास समितिले प्राप्त गर्नुपर्ने आम्दानी समयमै प्राप्त नगर्नाले विकास निर्माणमा बाधा पर्ने देखिन्छ । नियमानुसार समयमै रु. ५,३१,८४२/९३ आम्दानी प्राप्त गरी विकास निर्माणमा लगानी गर्नुपर्ने देखिएका छ ।

**कार्यालयको जवाफ** :– कार्यालयलेल रु. ३४९९२८।१४ को विवरण पठाएकोमा रु. २२८९९५।१४ मात्र फरछ्यौट भएको छ ।

३१. **मालपोत कार्यालय** – यसवर्ष मालपोत कार्यालय भक्तपुरबाट २०६९।५।६ मा रु.२,०७,५०,१८५।– र २०६९।१२।२० मा रु.१,६४,३१,९३५।– समेत रु.३,७१,८२,११०।– प्राप्त भएको देखियो । राजस्व बापत उठेको रकम कार्यालयले के कति वर्षको पाउन बांकी रहेको छ सो सम्बन्धी लगत अद्यावधिक गरी लिनुपर्ने देखिन्छ ।

**कार्यालयको जवाफ** :– अगामी आ.व. देखि सुझाव कार्यान्वयनको पक्रिया सुरु गरीसकिएको जनाएको छ ।

**३२. ठेक्का पट्टा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१(१) मा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र भएकासंग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले रु.११,११,१११।– को ठेक अङ्कमा ताथली पांगो माटो कर कृष्णराम वासुकलालाई ठेक्का दिएको देखियो । आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसंग कारोबार गरेको सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का बन्दोवस्त गरेको जनाएको छ । मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिसंग ठेक्का सम्झौता गर्नाले कार्यालयलाई मूल्य अभिवृद्धि कर रु.१,४४,४४४।४३ नोक्सान परेको छ । सरकारी कार्यालयले नियमानुसार ठेक्का पट्टा गर्नुपर्ने देखिएको छ ।

**कार्यालयको जवाफ** :– सार्वजनिक खरिद ऐन, २०६३ मा आय ठेक्काको प्रावधान नरहेको, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ मा स्थानीय निकायको आन्तरीक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी व्यवस्थामा व्यक्तिले समेत प्रक्रियामा भाग लिनसक्ने प्रवधान रहेको तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ एवं मूल्य अभिवृधि कर नियमावली, २०५३ मा रु.२० लाखसम्मको बार्षिक कारोबार गर्दा मूल्य अभिवृधि कर प्रयोजनका लागि दर्ता गर्ननपर्ने व्यवस्था रहेकोले लगत कट्टा गर्न अनुरोध गरिएको छ ।

**केन्द्रीय स्तरतर्फ**

३३. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयसंग सम्झौता गरेको विभिन्न उपभोक्ता समूहले निर्माण सामग्री खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको कर वीजक समेत पेश गरी भुक्तानी लिएकोमा कार्यालयले उपभोक्ता समितिको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गरेको छैन । अग्रिम कर कट्टी नगरेको सम्बन्धमा गत विगत वर्षदेखि नै कर कट्टी गर्ने नगरेकोले यस वर्ष पनि कट्टी नगरेको जनाएको छ । नियमानुसार कर कट्टी नगर्नाले सरकारलाई प्राप्त हुने राजस्वमा नोक्सान पर्ने देखिन्छ । कार्यालयले नियमको पालना गरी अग्रिम कर कट्टी गर्नुपर्दछ ।

**कार्यालयको भनाइ :–** अगामी आ.व. देखि सुझाव कार्यान्वयनको पक्रिया सुरु गरीसकिएको जनाएको छ ।

३४. **कर वीजक नम्बर हातले लेखेको** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वीजक दिनुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न

ठेकेदारहरुलाई कर वीजक नम्बर हातले लेखि पेश गरेकोमा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ । हातले लेखेको वीजक नम्बरबाट मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा भूल भएको जनाएको छ । हातले लेखेको कर वीजक नम्बरबाट मूल्य अभिवृद्धि कर रु.४,६५,९११/८३ भुक्तानी भएकोमा आन्तरिक राजस्व कार्यालयमा दाखिला भएकै छ भन्न सक्ने आधार भएन । नियम विपरीत भुक्तानी गरेको मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदारबाट असुल गर्नुपर्दछ ।

| भौ.नं. र मिति | ब.शी.नं. | कार्यक्रम | ठेकेदारको नाम | कर वीजक नम्बर र मिति | मूल्य अभिवृद्धि कर भुक्तानी |
|---|---|---|---|---|---|
| २३-०७०/३/२७ | ३६५८०४३ | ग्रामीण खानेपानी | ज्योति इन्जिनियरिङ कन्सल्टेन्सी | ०२-०७०/३/२४ | १३,७५४/- |
| ५-०७०/३/३१ | ३६५८०८४ | स्थानीय यातायात | खड्का कन्स्ट्रक्सन | ०५-०७०/३/३० | ५४,४३४/७१ |
| ३-०६९/५/११ | भारतीय सहयोग | भारतीय सहयोग | श्यामसुन्दर एस.पी.कन्स्ट्रक्सन जे.भी. | ०१-०६८/५/१२ | ४५,५००/- |
| ५-०६९/७/२२ | भारतीय सहयोग | भारतीय सहयोग | श्यामसुन्दर एस.पी.कन्स्ट्रक्सन जे.भी. | ०२-०६९/७/२ | १,७६,६५५/४२ |
| ६-०६९/१२/४ | भारतीय सहयोग | भारतीय सहयोग | श्यामसुन्दर एस.पी.कन्स्ट्रक्सन जे.भी. | ०३-०६९/१२/४ | १,७५,५६७/७० |
| | | | जम्मा: | | ४,६५,९११/८३ |

**कार्यालयको भनाइ :–** कर दखिला प्रमाण पत्र पेश गर्नका लागि सम्पर्क गरिसकिएको छ । प्रमाणहरु संकलन भएपछि फछ्यौट एवं सम्परिक्षणका लागि पेश गरिने जनाएको छ ।

३५. **बोलपत्र स्वीकृत** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने उल्लेख छ । यो वर्ष कार्यालयले निम्न निर्माण कार्यहरुको दरभाउपत्र लागत अनुमानको तुलनामा १ प्रतिशतभन्दा पनि कममा स्वीकृत गरेको देखियो । लागत अनुमानको तुलनामा बोलपत्रको कबोल अङ्क थोरै हुनुको कारण दरभाउपत्रबाट काम गराउन परेकोले यस्तो हुन गएको जनाएको छ । लागत अनुमानको तुलनामा कबोल अङ्कको अन्तर थोरै हुंदा स्वच्छ प्रतिस्पर्धा भएकै छ भन्न सक्ने आधार देखिएन । कार्यालयले नियमानुसार बोलपत्र आव्हान गरी स्वच्छ प्रतिस्पर्धाबाट निर्माण कार्य गराउनु पर्ने देखिन्छ ।

| निर्माण योजनाको नाम | लागत अनुमान | ठेक अङ्क | फरक प्रतिशत | घटी फरक प्रतिशत |
|---|---|---|---|---|
| सैनिक शिक्षालय छालिङ्ग कृषि सडक निर्माण | ६९२३७६/७३ | ६८६४३१/२० | ९९.१४ | ०.८६ |
| सरस्वतीखेल फैढोका सडक निर्माण | ६८६९५९/७९ | ६८२७८६/- | ९९.३९ | ०.६१ |
| आदर्श बस स्टप कृषि सडक निर्माण | ४३०९८२/३३ | ४२८८९२/७९ | ९९.५२ | ०.४८ |
| व्यासी झौखेल ६ देखि वडा नं.१ सडक निर्माण | ४२९९८०/८० | ४२९३८७/३० | ९९.८६ | ०.१४ |
| बाल विनायक प्राथमिक विद्यालयदेखि सडक निर्माण | ६०२०८८/१५ | ६००२८०/०७ | ९९.७२ | ०.२८ |
| भातेढिकुर नन्दिकेशर सडक निर्माण | ४४०७२९/१३ | ४३९९२६/- | ९९.८२ | ०.१८ |
| व्रम्हायणी–गोसपुल कलमसी सडक | ४३६०४७/५७ | ४१८५००/- | ९५.९८ | ४.०२ |
| हर्षचोक किवाचोक सडक निर्माण | ४४२२६८/१७ | ४४१३३०/- | ९९.७९ | ०.२१ |
| फैढोका सुडाल राम्चे सडक निर्माण | ४३२१४४/३१ | ४३१६१८/७५ | ९९.८८ | ०.१२ |
| वासवारी वागेश्वरी हेल्थपोष्ट सडक निर्माण | ४२०६१०/७८ | ४२०२९५/७१ | ९९.९३ | ०.०७ |
| खकृपुल पुजारीपाटी अमलडोल सडक निर्माण | ४२०४४२/१३ | ४१९९७८/५० | ९९.८९ | ०.११ |
| तेल्कोट जमकटेल सडक निर्माण | ४२०३४०/७९ | ४१८४८९/- | ९९.५६ | ०.४४ |
| पकुनेपाटी गैरीगाउं सडक निर्माण | ४२०२८६/९२ | ४१९७६५/२४ | ९९.८५ | ०.१५ |
| दधिकोट हिन्चोक तर्खागाल सडक निर्माण | १७७३५६२/३० | १६७५६२२/०८ | ९५.०१ | ४.९९ |
| सिरुटार विरुवा सडक निर्माण | १७६२८९७/०२ | १७१६१२७/६१ | ९७.३५ | २.६५ |

**कार्यालयको भनाइ :–** सार्वजनिक खरिद ऐन, २०६३ तथा स्थानिय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ मा उल्लिखित कानुनी प्रवधानहरु पालना गरिएको जनाएको छ ।

३६. **गाउं विकास अनुदान फ्रिज नगराएको** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६(६) मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता पठाई दिनुपर्ने छ । यदि फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराएमा वा फ्रिज गर्ने प्रयोजनका लागि सम्बन्धित निकायमा फिर्ता नपठाएमा उक्त रकम कट्टा गरेर मात्र निकासा लिनुपर्ने उल्लेख छ । निकासा दिने

निकायले पनि रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । त्यस्तै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०६८।६९ मा दिएको अख्तियारीमा समेत खर्च नभएको रकम फ्रिज गर्नुपर्ने उल्लेख गरेको छ । गाउं विकास समितिहरुको आर्थिक वर्ष २०६८।६९ को लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा निम्न गाउं विकास समितिहरुको निकासा रकम (आन्तरिक आम्दानी समेत) खर्च नभई बाँकी रहेको देखियो । खर्च नभई बांकी रहेको रकम फ्रिज गर्नको लागि जिल्ला विकास समितिमा फिर्ता पठाएको देखिएन । जिल्ला विकास समितिले पनि निकासा खर्चको यकिन गरी २०६९।७० को अनुदान निकासाबाट कट्टी गरेको छैन । तोकिएको समयमा निकासा नहुने भएकोले विकास निर्माण कार्यमा ढिला हुने हुँदा र गत विगत वर्षदेखि नै फिर्ता गर्ने नगरेकोले फिर्ता नगरेको मौखिक जवाफ प्राप्त भएको छ । नियमले तोकेको प्रक्रिया पूरा नगरी रकम मौज्दात राख्नाले सञ्चित कोषमा रकम कमी भई सरकारलाई विकास निर्माण कार्य गर्न अप्ठेरो पर्ने देखिन्छ । नियमको पूर्ण रुपमा पालना गरी खर्च नभई बांकी रहेको रकम फ्रिज गर्नु गराउनु पर्ने देखिन्छ ।

| क्र.सं. | गाउं विकास समितिको नाम | २०६८।६९ को मौज्दात रकम |
|---|---|---|
| १. | दुवाकोट | ३३९२३६१/५३ |
| २. | झौखेल | १८५३६७५/७० |
| ३. | चांगुनारायण | ४०५७१७४/२२ |
| ४. | छालिङ | १२२६८२/५२ |
| ५. | नगरकोट | २३५३३७९/६१ |
| ६. | वागेश्वरी | १२४५२७७/९२ |
| ७. | सुडाल | २४०८३२६/३१ |
| ८. | ताथली | २३४७२७४/४९ |
| ९. | चित्तपोल | ८१६१३०/१५ |
| १०. | नखेल | ७४१७८६/५८ |
| ११. | सिपाडोल | २३३७९६/७८ |
| १२. | कटुन्जे | ८९४९२/६२ |
| १३. | गुण्डु | २२९५१८/३४ |
| १४. | दधिकोट | ९८५००६/८१ |
| १५. | सिरुटार | १२२६६५६/४१ |
| १६. | बालकोट | ९७१७३९/३३ |

**कार्यालयको भनाइ** – अगामी आ.व. देखि गा.वि.स. हरुमा जानकारी गराई सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरिन जनाएको छ ।

३७. **सामाजिक सुरक्षा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार भक्तपुर जिल्ला स्थित कुल ३,०४,६५१ जनसंख्यामध्ये मासिक भत्ता प्राप्त गर्ने समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलितवर्ग, असक्त अपाङ्गता भएका नागरिकहरुको संख्या १३,६५८ जना रहेकोमा निम्नानुसार देखियो :

३८.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १३(६)(२)(क) मा प्रत्येक नगरपालिका, गाउं विकास समितिमा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एकप्रति नगरपालिका तथा गाउं विकास समितिको कार्यालयको सूचना पाटीमा टाँस गर्ने र एकप्रति लेखापरीक्षणको लागि भरपाई साथ राख्नुपर्ने उल्लेख छ । गाउं विकास समिति तथा नगरपालिकाहरुले मुचुल्का तयार गरेको छैन ।

३८.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा २३(१) मा जिल्ला विकास समितिको कार्यालयले सामाजिक सुरक्षा जिल्ला समन्वय समितिसंग समन्वय गरी भत्ता वृत्ति अनुदान वितरण प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने उल्लेख छ । यो वर्ष कार्यालयले सामाजिक सुरक्षा भत्ता रु.७,३२,१९,७००।– वितरण गरेकोमा समितिसंग समन्वय गरी अनुगमन निरीक्षण गरेको छैन ।

३८.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा १७(२) मा भत्ता वृत्ति अनुदान पाइरहेका व्यक्ति बसाई सरी गएमा वा मृत्यु भएमा सोको विवरण समावेश गरी गाउं विकास समिति र नगरपालिकाले जिल्ला विकास समितिमा जानकारी पठाउनु पर्ने र जिल्ला विकास समितिले जानकारी पत्रको आधारमा लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । कार्यालयले लगत अद्यावधिक नगरी गाउं विकास समिति र नगरपालिकाले वार्षिक रुपमा पठाएको लगतलाई नै कार्यान्वयन गरी निकासा दिएको छ । कार्यालयले लगत अद्यावधिक तथा निरीक्षण अनुगमन नगर्नाले बसाई सराई तथा मृत्यु भएको व्यक्तिको समेत रकम भुक्तानी हुने सम्भावना देखिन्छ । लगत अद्यावधिक गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३८.४ **स्थलगत निरीक्षण** – यो वर्ष लेखापरीक्षणको क्रममा प्रमुख जिल्ला इन्जिनियर, कार्यालयका कर्मचारी र स्थानीय राजनैतिक पदाधिकारीहरुको उपस्थितिमा २०७०।८।१२ गते झौखेल गाउं विकास समिति वडा नं.६ का भत्ता प्राप्त गर्ने ३२ नागरिकहरुसंग भत्ता पाए नपाएको विषयमा छलफल तथा सोधनी गर्दा भत्ता रकम पाएको तर ढिला पाएको लिखित जवाफ पाइयो ।

**कार्यालयको भनाइ :–** उपबुदा न. ३१. २ का सम्बन्धमा मिति २०७०। ०२। १३ मा विवरण वेभसाइटमा राखिएको र अन्य उपबुदाहरुका सम्वन्धमा यस आ.व. देखि सुझाव कार्यान्वयनको प्रक्रिया सुरु गरिने जनाएको छ ।

